# बुढीनन्दा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

कोल्टी, बाजुरा

सुदूरपश्चिम प्रदेश, नेपाल ।

# नीति तथा कार्यक्रम २०७६

Visit Nepal 2020
बुढीनन्दा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोल्टी, बाजुरा
सुदूरपश्चिम प्रदेश नेपाल

पदम कुमार गिरी
प्रमुख

यस नगरपालिकाको तेस्रो नगर सभामा उपस्थित नगर कार्यपालिकाका सदस्यज्यूहरु, नगर सभाका सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू, पत्रकार महासंघ बाजुराका अध्यक्ष , रेडियो बुढीन्दा लगायत अन्य संचारकर्मीहरु एवं सहयोगी सम्पुर्ण कर्मचारी वर्ग लगायत उपस्थित महानुभावहरु ।

बुढीनन्दा नगरपालिकाको तेस्रो नगर सभाबाट पारित आगामी २०७६।०७७ को नीति तथा कार्यक्रम र अनुमानित बजेट प्रस्तुत गर्ने क्रममा सभा समक्ष उपस्थित भएको छु ।

सर्वप्रथम मुलुकको राष्टियता, सार्वभौमसत्ता, अखण्डता, राष्टिय स्वाधिनता, प्रजातन्त्र, संघीय समृद्दिंका लागि जीवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात शहिदहरु प्रति श्रद्धान्जलि अर्पण गर्न चाहान्छु । साथै यस गरिमामय सभामा नगर प्रमुखको हैसियते नगरपालिकाको समग्र विकासको लागि मार्गदर्शनको रुपमा रहने आगामी आ.व २०७६।०७७ को निति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महसुस गरेको छु । यसै अवसरमा हाम्रा अथक प्रयासहरुमा हरदम निर्देशन र सहयोग प्रदान गर्नुहुने नगर कार्यपालिका, विभिन्न विषयगत समिति, कर्मचारी वर्ग, सरोकारवाला विकास साझेदारहरु, समाजसेवी, शिक्षक एवं सम्पुर्ण नगरवासि आदरणीय व्यक्तित्वहरु तथा विकास अभियान्ताका रुपमा रहेको सरकारी कार्यालय तथा गैर सरकारी संस्था र पत्रकारह मित्रहरुको भुमिका प्रति नगरपालिकाको तर्फबाट हार्दिक कृतज्ञता व्यक्त गर्दछु साथै यस नगरपालिकाका आ-आफ्नै चुनौती र समस्याका बाबजुद, सम्भावना र अवसर पनि प्रशस्तै रहेको कुरा मैले नीति तथा कार्यक्रम भित्रका विषयगत क्षेत्रमा प्रस्तुत गरेको छु ।

## प्रस्तावहरुः

- आर्थिक बर्ष २०७६।०७७ को अनुमानित बजेट, नीति तथा कार्यक्रम प्रस्तुत गर्ने सम्बन्धमा ।
- आ.व २०७६।०७७ का लागि आर्थिक ऐन २०७६ र विनियोजिन ऐन २०७६ पारित गर्ने सम्बन्धमा ।
- आ.व २०७६।०७७ मा लागु गरिने सेवा शुल्क, कर दस्तुर लगायत नीति तय गर्ने सम्बन्धमा ।
- आ.व २०७५।०७६ को असार १२ गते सम्मको विभिन्न नगर कार्यपालिकाको बैठकको निर्णय अनमोदन गर्ने सम्बन्धमा ।
- आ.व २०७५।०७६ मा नगर कार्यपालिकाको बैठकका निर्णय भई लागु भएका ऐन, नियम, निर्देशिका, कार्यविधि, आचारसंहिता लगायत अन्य नीति तथा कार्यक्रम अनमोदन गर्ने सम्बन्धमा ।
- फोहोरमैला व्यवस्थापन, खुला दिशामुक्त कार्यक्रम तथा जनस्वास्थ्य प्रवर्धनका बारेमा नीति तथा कार्यक्रम गर्ने सम्बन्धमा ।
- विभिन्न विषयगत क्षेत्रका नीति तथा कार्यक्रम तय गर्ने सम्बन्धमा ।
- नगरपालिकाको संगठनात्मक स्वरुप र कर्मचारी कार्य विवरण तय गर्ने सम्बन्धमा ।

- कर्मचारी विनियम, आचारसंहिता, कर्मचारी कल्याणकोष कार्यविधि लगायत अन्य निर्देशिका र कार्यविधि तयार गर्ने सम्बन्धमा ।
- २० प्रतिशत लागत/श्रम सहभागिता कार्यको व्यवस्थापन, टोल विकास संस्थाहरु, उपभोक्ता समिति लगायत अन्य विषयगत समिति, क्लव/समुहलाई जिम्मेवार बनाउने र पुरस्कृत गर्ने सम्बन्धमा (बालक्लव, आमा समुह, कृषि समुहको दर्ता अनिवार्य, तालिमको व्यवस्था)
- नगरस्तरीय विषयगत विभिन्न गुरुयोजना, श्रोत नक्सा, नगर पाश्वचित्र, वृत्तचित्र लगायत समसामयिक Documentary तयार गर्ने सम्बन्धमा ( पर्यटन विकास गुरुयोजना, खानेपानी तथा सरसफाई गुरुयोजना, नगरस्तरीय खेलकुद गुरुयोजना, नगरस्तरीय सडक गुरुयोजना लगायत अन्य)
- विभिन्न स्थानीय तह बिच समन्वय र सहकार्य सम्बन्धमा ।
- सामाजिक, आर्थिक, शैक्षिक समृद्धिका कार्यक्रम सम्बन्धमा ।
- विपद एवं जोखिम न्युनिकरण सम्बन्धमा ।
- पुर्वाधार विकास सम्बन्धमा ।

**उपस्थित महानुभावहरु,**

अतः अब म यस सुन्दर नगरपालिकाको दिर्घकालिन योजना सहितको समृद्ध र समुन्नत नगरको रुपमा विकास गर्ने मुल लक्ष्य स्वच्छ " **दिगो विकास सहित खुसी र सुखि नगरवासी, सम्बृद्द नगर** " भन्ने नारालाई आत्मसात गर्दै आगामी आर्थिक बर्ष २०७६।०७७ को बजेट र नीति तथा कार्यक्रम तय गरिएको छ । प्रस्तुत नीति तथा कार्यक्रममा अन्तरनिहित योजनाहरु तर्जुमा गर्दा अपनाईएका आधारका बारेमा निवेदन गर्न चाहान्छु । योजना तर्जुमा गर्दा अपनाईएका आधारहरु अबलम्वन गर्दै गत बर्षको नारालाई नीति तथा कार्यक्रमलाई मध्यनजर गरी अगाडी बढाईएको व्यहोरा जानकारि गराउन चाहान्छु ।

नेपालको संविधान २०७२, नेपालको संविधानको अनुसूची ८ र ९ मा उल्लेखित तहको एकल तथा साझा अधिकारको सूची, नेपालको संविधानमा उल्लिखित मौलिक हकहरु, नेपालको संविधान भाग ४ अन्तर्गतका राज्यका आर्थिक, सामाजिक विकास, प्राकृतिक स्रोतको उपयोग, वातावरण संरक्षण सम्बन्धी नीतिहरु धारा ५९ को आर्थिक अधिकार भाग १९ को आर्थिक कार्य प्रणाली, नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतिकरणको प्रतिवेदन, संघीय तथा प्रदेश सरकारले अंगिकार गरेको आवधिक योजनाले लिएका नीति तथा कार्यक्रम प्राथमिकताहरु, नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु, स्थानीय शासन संचालन ऐन र नियमावलीका प्रावधानहरु, स्थानीय तहका आवधिक योजनाहरु, क्षेत्रगत नीति, रणनीति, योजना तथा अध्ययन प्रतिवेदनहरु, विकासका समसामयिक मुद्दाहरु जस्तै समाजिक संरक्षण, दिगो विकास, जलवायु परिवर्तन र विपद व्यवस्थापन

खाद्य तथा पोषण सुरक्षा, लैङ्गिक सशक्तिकरण तथा समावेशी विकास, बाल मैत्री स्थानीय शासन, वातावरण मैत्री स्थानीय शासन, खुला दिशामुक्त तथा पूर्ण सरसफाई उर्जा संकट लगायत अन्तर सम्बन्धित विषयहरु, स्थानीय तहको मध्यकालिन खर्च संरचना अनुरुफ प्राथमिकतामा परेका कार्यक्रमहरु, स्थानीय तहले आवश्यक देखेका अन्य विषयहरुले निर्दिष्ट गरेको राज्यका निर्देशन सिद्धान्त र नीतिहरु, सार्वजनिक खरिद ऐन र नियमावली, निजामति सेवा ऐन र नियमावली, दिगो विकासको लक्ष्य, उद्देश्य तथा क्षेत्रगत नीतिहरु, राष्ट्रिय योजना आयोग र तालुक मन्त्रालय( सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ) प्रदेश सरकार, जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय, विषयगत कार्यालयबाट प्राप्त नीतिगत मार्ग निर्देशनहरु, प्रचलित कानुनको अधिनमा रहि बनेका निर्देशिकाहरु, आचारसंहिता, कार्यविधि लगायत स्थानीय राजनितिक दलहरुबाट प्राप्त राय/सुझाव र सल्लाह लगायत कार्यान्वयनको चरणमा हामीले सिकेका अनुभवसमेतलाई प्रमुख आधार मानिएको छ । योजना छनौटमा स्थानीय आवश्यकतालाई सर्वपरी मानी नगरपालिकाको विकास प्राथमिकताका क्षेत्रहरुमा आधारित रहेर वडा तथा बस्तिहरुबाट छनौट भई विषयगत समिति हुदै एकिकृत योजना तर्जुमा समितिमा विस्तृत छलफल र प्राथमिकिकरण हुदै आएका योजना तथा कार्यक्रमहरुलाई समेटि आर्थिक बर्षको बार्षिक नगर विकास योजनाको प्रारुप तयार पारी स्थानीय निकायलाई जिम्मेवारी र स्वामित्त्वयुक्त बनाउने प्रयास गरिएको छ । योजना छनौटलाई स्वायत्तता र विकेन्द्रिकरणको मुल मर्म अनुरुप योजना छनौट गर्दाका क्रममा वडा कार्यालयहरु मार्फत छलफल भई आएका योजनाहरुलाई एकिकृत योजना तर्जुमा समिति मार्फत नगर सभामा स्वीकृतिको लागि पेश गरिएको व्यहोरा अनुरोध गर्दछु । आगामी आर्थिक बर्षको बजेट, नीति तथा कार्यक्रम तयार गर्ने क्रममा मैले उपलव्ध श्रोत र साधनको उपलव्धता, नियमितता, मितव्ययिता, विधिको शासन र औचित्य समेतलाई मध्यनजर गरि नगरवासीहरुले प्रत्यक्ष अनभुति गर्न सक्ने नतिजामुखि कार्यक्रमलाई प्राथमिकतामा राखि समृद्द र समुन्नत नगरपालिकाको विकासमा व्यापक समन्वय र सहकार्यको विश्वास गरिएको छ ।

**आदरणीय सदस्यज्यूहरु,**

अव म आगामी आ.व २०७६।०७७ को लागि नगरस्तरीय प्रमुख क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

# नीति तथा कार्यक्रम

**पूर्वाधार विकासका नीतिहरुः**

पदम कुमार गिरी
प्रमुख

## १. सडक तथा यातायात

१.१ सडकको राष्टिय मापदण्डको आधारमा यस नगरपालिका भित्रका वस्तीस्तरीय सडक, दुई वा दुई भन्दा बढी वडालाई जोड्ने सडक, यस नगरपालिकाको भौतिक पूर्वाधार विकासमा महत्वपुर्ण भुमिका राख्ने सडकलाई नगरपालिकाको आवश्यकता, औचित्यता र सहभागितको आधारमा चौडाई तोकिनेछ ।

१.२ नगरक्षेत्र भित्रका विभिन्न नगरस्तरीय सडकहरुलाई संङ्घीयस्तर, प्रदेशस्तर, जिल्लास्तर तथा नगर स्तरीय बजेट तथा कार्यक्रम मार्फत क्रमसः निर्माण गर्दै जाने कार्यलाई प्राथमिकताका साथ लागु गरिनेछ ।

१.३ नगर यातायात गुरुयोजनालाई पूर्णता दिदै सडकको मापदण्ड तोकी नगरपालिका र अन्तर स्थानीय तह विच यातायात संचालन गरिनुका साथै नगरको केन्द्रमा बसपार्क निर्माण गरि यातायातको क्षेत्रलाई व्यवस्थित गरिनेछ ।

१.४ लागत एवं श्रम सहभागिता आधारित वस्तीस्तरीय सडक विस्तारको योजना कार्यान्वयनमा ल्याइनेछ साथै यस नगरपालिका वडा ४ कुरु र वडा नं ६ को कोटिला लाई सडक संजालमा जोड्न बेलडाडा कापकोट कुरु सडक र नन्देश्वरी कोटिला लाटुवस्ती साउनेगाँउ सडक को कार्य यस आ.व मा भईरहेको र आ.व २०७६।०७७ मा थप कार्य निर्माणका लागि निरन्तरता दिईनेछ ।

१.५ निर्माण सम्पन्न भई हाल चालु हालतमा रहेको सडकको स्तरोन्नति गर्न, सडकको ट्र्याक खोली हाल संचालनमा नआएको सडकको स्थानीय आवश्यकता बमोजिम संचालन गर्न मर्मत/संभार रकमको व्यवस्था गर्ने र नयाँ निर्माण हुने सडकको हकमा स्थानीय नगरवासिको सहमति र सहकार्यमा विशेष जोड दिइनेछ ।

१.६ कोल्टी बुढीनन्दा सडकको निर्माण कार्यलाई तिव्रताका साथ अगाडी बढाईने छ।

## २. खानेपानी तथा ढल निकासः

२.१ नगर क्षेत्रभित्रका पानीका श्रोतहरु पहिचान गरि संरक्षण गरिनेछ । कोल्टी बृहत खानेपानी योजनालाई यस आ.व मा व्यवस्थित गर्ने कार्य भैरहेको र केहि समय भित्र कार्य सम्पन्न गरिनेछ ।

२.२ यस नगरपालिका भित्र खानेपानीलाई सबै नगरवासिको न्यनतम आवश्यकता बमोजिम पुर्याउन हाल सञ्चालनमा भएका खानेपानीका श्रोतहरुको व्यवस्थापन, वितरण, पाईपलाईनको मर्मत सुधार र

पदम कुमार गिरी
प्रमुख

व्यवस्थापनको कार्यलाई आगामी आ.व मा पनि निरन्तरता दिन आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

२.३ यस नगरपालिका भित्र खानेपानी योजनाको सेवा विस्तार लगायत वितरित पानी पिउन योग्य बनाउनका लाग ठोस कार्य अघि बढाउनुका साथै उक्त कार्यका लागि संघ संस्थाको सहयोग विस्तार गरिनेछ ।

२.४ नगरपालिका क्षेत्रभित्रका परम्परागत धारा, कुवा, पधेरो, मुहान , खोला लगायत खानेपानीका श्रोतहरुको संरक्षणमा जोड दिइनेछ ।

२.५ ग्रामिण परिबेशबाट नगरपालिका उन्मुख हुदै गएको यस नगरपालिकाका विशेषगरी बजार र घनावस्ती भएका क्षेत्रमा ढल निकासको कार्यलाई समयमानै व्यवस्थित गर्न कार्य अगाडी बढाईनेछ ।

## ३.शिक्षाः

३.१ यस नगर क्षेत्रभित्र रहेका सार्वजनिक क्षेत्रका शैक्षिक संस्थाको शैक्षिक गुणस्तर, विद्यार्थी संख्या र भौतिक पूर्वाधार तथा आवश्यक जनशक्तिको आँकलन गरि नगरवासिको सहयोग र समन्वयबाट पूर्वाधारको विकास गरी गुणस्तरीय शिक्षा प्रदान गर्ने विशेष कार्यक्रम र वजेटको व्यवस्था गरिएको छ ।

३.२ नगरपालिकाबाट लोक सेवा तयारी कक्षा जस्ता कार्यक्रम संचालनमा प्राथमिकता साथ दिईनेछ ।

३.३ CTEVT लगायत विद्यालयस्तरबाट प्राविधिक शिक्षाको थालनी गर्ने कार्यलाई थप प्रोत्साहन र सहयोग गरिनेछ ।

३.४ शिक्षालाई अनिवार्य गर्दै प्राविधिक, व्यवसायिक, सिपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउदै लैजाने नीति नगरपालिकाले अवलम्बन गर्नेछ साथै सामुदायिक विद्यालयको गुणस्तर बृद्दि गर्न नीजि विद्यालय सरह नतिजा प्राप्त हुने गरि अगाडी बढाउन प्रोत्साहन गरिनेछ ।

३.५ यस नगरपालिका क्षेत्रका नीजि एवं सरकारी शैक्षिक संस्थाहरुलाई आफ्नो कार्यप्रति जिम्मेवार उत्तरदायि र गुणस्तर कार्यम गर्न नियमन र अनुगमन कार्यलाई प्रभावकारी रुपमा अगाडी बढाईनेछ ।

पदम कुमार गिरी
प्रमुख

३.६ शैक्षिक संघ संस्थाहरुलाई अनुगमन र निरीक्षण गरि शैक्षिक क्षेत्र गुणस्तर, सदाचार, अनुशासन र सुशासनमा विशेष जोड दिंदै शिक्षक विद्यार्थी अनुपातको आधारमा सरुवा, पद मिलान र काजको कार्यलाई यस आ.व मा प्रभावकारी रुपमा अगाडी बढाईनेछ साथै शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक दरवन्दि अभाव भएका विद्यालयहरुमा स्वयंसेवक शिक्षक राख्न आवश्क बजेटको व्यवस्था गरिएको छ ।

३.७ यस नगरपालिकाको शिक्षाको गुणस्तर बृद्दि गर्न विद्यालय पूर्वाधार विकास तथा थप जनशक्तिको लागि आवश्यक व्यवस्था गरिएको छ ।

३.८ यस नगरपालिका भित्र रहेका सम्पुर्ण ५ बर्ष मुनीका बाल बालिकाहरु लाई पूर्व प्राथमिक विद्यायलमा गई सिक्न र पढन पाउने नसैर्गिक अधिकार हो तर नगरपालिका भित्र जम्मा २३ वटा मात्र पूर्व प्राथमिक विद्यालय हाल संचालनमा रहेकोमा अधिकांश वस्तीहरुका ५ बर्ष मुनिका बालबालिका पुर्व प्राथमिक विद्यालयमा जान कठिन भएकोले उक्त समस्यालाई मध्यनजर गरी थप कोटा सृजना गरि पुर्व प्राथमिक विद्यालय स्थापनाको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

३.९ यस नगरपालिका भित्र रहेको एक मात्र पुस्तकालय भवन नगरपालिकाको मातहतमा रहेको र उक्त पुस्तकालयलाई प्रभावकारी रुपमा संचालन गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

## ४. स्वास्थ्य तथा फोहोरमैला व्यवस्थापनः

४.१ नगरवासीहरको सु-स्वास्थ्यको लागि स्वच्छ र सफा वातावरण कायम गर्न स्वास्थ्य सम्बन्धी जनचेतना जगाउने कार्यलाई प्रोत्साहित गरिनुका साथै उक्त कार्यको टोल विकास संस्थालाई सक्रिय बनाईनेछ ।

४.२ बालबालिका र महिला स्वास्थ्यका क्षेत्रमा महिला स्वास्थ्य स्वयंसेविका, नगर क्षेत्रमा कार्यरत स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीहरुसंगको सहकार्यमा विभिन्न पोषण खोप, स्वास्थ्य शिविर, स्वास्थ्य शिक्षा लगायत गुणस्तरीय स्वास्थ्य सेवा विस्तार कार्यक्रम संचालन गरिनेछ ।

४.३ यस नगरपालिका भित्रका सबै स्वास्थ्य चौकीहरुको प्रभावकारी व्यवस्थापन गरिनेछ साथै अत्यावश्यक औषधिको अभाव हुन नदिनका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

४.४ ग्रामीण महिलाहरुको स्वास्थ्य समस्या पहिचान गरी रोग निदन गर्नका लागि महिला विशेष स्वास्थ्य शिविर संचालन गरिनेछ ।

४.५ यस नगरपालिका अन्तर्गत रहेका विभिन्न स्वास्थ्य केन्द्रमा कार्यरत रहेका महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोत्साहन भत्ताको लागि आवश्यक बजेटको व्यवस्थापन गरिएको छ ।

४.६ फोहोरमैला व्यवस्थापन कार्यलाई प्रभावकरी रुपमा कार्यान्वयन गर्न फोहोरमैला व्यवस्थापन कोष खडा गरिनेछ ।

४.७ घर, आँगन, टोल, सडक, विद्यालय, सार्वजनिक स्थल सफा राख्न अभियान संचालन गरिनेछ ।

४.८ महत्वपूर्ण स्थानको पहिचान गरि सार्वजनिक शौचालयको निर्माण तथा व्यवस्थाको कार्यलाई अगाडी बढाईनेछ ।

४.९ स्वास्थ्य इकाई केन्द्रलाई व्यवस्थित गरि सव बर्थिङ सेन्टरको व्यवस्था गरिनेछ ।

४.१० फोहोर मैला व्यवस्थापनको लागि Land Field Site निर्माणको कार्य अगाडी बढाईएको छ ।

४.११ यस नगरपालिकाका सबै नगरवासिहरुलाई स्वास्थ्यको पहुचमा ल्याउन स्वास्थ्य संस्था नभएका वडाहरुमा स्वास्थ्य इकाई स्थापना गर्ने र सेवा संचालन गर्ने कार्य अगाडी बढाईएको छ सो कार्यलाई आ.व २०७६।०७७ मा निरन्तरता दिईनेछ।

## ५. कृषिः

५.१ कृषि पेशा नगरवासीहरुको प्रमुख पेशा मध्ये एक हो भन्ने कुरालाई मध्यनजर गरी जिविकोपार्जनका लागि परम्परादेखि गरिदै आएका रैथाने बाली जस्तै धान, गहु , मकै, कोदो, फापर लगायतका खेती र पशुपालनमा ठुलो संख्यामा नगरवासीहरु संलग्न रहेकोले आधुनिक र विषादिरहित व्यवसायिक कृषि प्रवद्धनमा जोड दिइनेछ ।

५.२ सिँचाईको विस्तार, कृषि उपजहरुको बजारमा पहुँच, उन्नत जातको विउ विजन, मलको उपलव्धता, माटो परिक्षण र कृषि विमा जस्ता कार्यक्रम मार्फत व्यवसायिक कृषि प्रवद्धनमा जोड दिइनेछ ।

५.३ कृषि सेवा केन्द्र, पशु सेवा केन्द्र र कृषि उपज बजार विस्तारका लागि यस नगरपालिकाभित्र उपयुक्त स्थान छनौट गरि नगरपालिकाले आफ्नो श्रोतबाट समेत सेवा सुविधा विस्तार गर्ने कार्य अगाडी बढाईनेछ ।

पदम कुमार गिरी
प्रमुख

कोल्टी, बाजुरा सुदूरपश्चिम प्रदेश नेपाल

५.४ विषादिरहित व्यवसायिक कृषि उपज उत्पादन गर्न कृषकलाई प्रोत्साहन गरिनेछ । कृषि उपज केन्द्रहरु यस नगरपालिकाको आवश्यकता बमोजिम थप गर्न प्रोत्साहन गरिनेछ । कृषि उपज संकलन केन्द्र निर्माण गरिनेछ ।

५.५ पशु विमा कार्यक्रमका सम्बन्धमा कृषक र सम्वन्धित बिमा सम्बन्धी निकायसँग समन्वय गरी पशु विमा कार्यक्रम संचालन गरिनेछ ।

५.६ यस नगरपालिकाको पहिचान रहेको जैतुन खेतीलाई आधुनिक बैज्ञानिक र व्यवसायिक बनाईनेछ ।

५.७ कृषिलाई निर्वाहमुखि नबनाई व्यवसायिक प्रोत्साहित गरिनेछ ।

५.८ कृषिउपज बस्तुलाई बजारीकरण गर्दा कृषि मेला प्रदर्शनी गरिनेछ ।

५.९ ठाँउ र मौसम अनुसारको विभिन्न कृषिबालिको पकेट क्षेत्र घोषणा गरिनेछ ।

५.१० उन्नत जातको पशुपालनमा जोड दिइ आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

५.११ अल्लो बाली प्रर्वधनलाई प्राथमिकता दिईने छ ।

## ६.पर्यटनः

६.१ बुढीनन्दा ताल विकासको माध्यामबाट ग्रामिण पर्यटनलाई प्रवर्द्धन गर्दै अगाडी बढ्ने नीति बढाइनेछ साथै जेष्ठ नागरिक पार्क बालबालिका पार्क निर्माणमा जोड दिइनेछ ।

६.२ सरकारी नीजि तथा दातृ निकायहरुसँगको सहयोग र सहकार्यमा यस नगरपालिका भित्र होम-स्टे सहितको धार्मिक र पर्यटनको नीति र कार्यक्रम अगाडी बढाईनेछ ।

६.३ नगरपालिका क्षेत्र भित्रका ऐतिहासिक तथा पुरातात्विक क्षेत्रहरुको विशेष संरक्षण गर्दै धार्मिक पर्यटन प्रवद्धन गर्ने कार्यलाई अगाडी बढाईनुका साथै नगर क्षेत्र भित्रका धार्मिक, पुरातात्विक महत्वका पुराना मठ मन्दिरको संरक्षण, मर्मत, संभार र जिर्णोद्धार लगायत भौतिक पूर्वाधारहरुको विकासको कार्यक्रमलाई निरन्तर अगाडी बढाईनेछ ।

पदम कुमार गिरी
प्रमुख

६.४ यस नगरभित्र रहेका ऐतिहासिक तथा धार्मिक ( पादुका, सिमचौर, बुढीनन्दा ताल, कैलाश गुफा पोरखे छातिकोट बडिमालिका ) स्थलहरुलाई पर्यटकीय क्षेत्रका रुपमा विस्तार गर्ने नीति अवलम्बन गरिनेछ ।

६.५ हवाई यातायातलाई व्यवस्थित गरी कोल्टी विमानस्थलबाट प्रदेश सदरमुकाम धनगढी सम्मको यातायातका लागि आवश्यक पहल गरिनेछ ।

६.६ कोल्टी-बुढीनन्दा-बडीमालिका पद मार्गको DPR भई र हाल कार्य संचालन भैराखेको र उक्त कार्यलाई यस आ.व मा निरन्तरता दिइनेछ ।

## ७. वातावरण तथा विपद व्यवस्थापनः

७.१ फोहोरमैला व्यवस्थापन यस नगरपालिकाको प्रमुख वातावरणीय समस्याको रुपमा रहेको छ । फोहोरमैलाको उत्पादनमा कमी, प्रशोधन र पुनः प्रयोग लगायतका कार्यहरुलाई टोल र वडादेखि नै प्रोत्साहित गरी बैज्ञानिक र व्यवस्थित फोहोरमैला संकलन र व्यवस्थापनको कार्यलाई अगाडी बढाईनेछ । यस कार्यमा टोल विकास समिति, महिला समुह लगायत सामाजिक संघ-संस्थाको सहभागिता र सकृयतालाई प्रोत्साहित गरिनेछ, साथै फोहोरमैला व्यवस्थापनको लागि नगरस्तरीय योजना तय गरी उपयुक्त स्थानमा फोहोर संकलन केन्द् र ल्याण्ड फिल्ड साइटको निर्माण गरिनेछ ।

७.२ पर्यावरणीय सन्तुलन एवं यस नगरपालिकालाई स्वच्छ सफा र हराभरा कायम राख्न वृक्षारोपण तथा बालउद्यान निर्माण जस्ता वातावरण मैत्री कार्यलाई अगाडी बढाईनेछ। यस क्रममा विषादीको प्रयोग र वनफडानी जस्ता कार्यलाई निरुत्साहित गर्न विशेष ध्यान दिइनेछ । साथृ ५ फिट भन्दा सानो विरुवा रोप्ने कार्यलाई निरुत्साहित गरिनेछ ।

७.३ बायो ग्यााँस, सुधारिएको चुलो लगायतका बैकल्पिक उर्जाहरु, सौर्य उर्जाको प्रवद्धनमा जोड दिइनेछ ।

७.४ भुकम्प, बाढी, पहिरो तथा आगलागी जस्ता विपद्हरु न्यूनिकरण तथा तिनबाट हुन सक्ने जनधनको क्षतिबाट बचाउन नागरिक सचेतनाका कार्यक्रम आयोजना गरिनुका साथै नगरस्तरीय विपद व्यवस्थापन समिति गठन गरिनेछ ।

७.५ दलित, जनजाति तथा विपन्न समुदायहरुको वस्तीहरुमा वैकल्पिक उर्जा कार्यक्रमलाई प्रभावकारी रुपमा बढाईनेछ । सो कार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

७.६ विकास पूर्वाधार सञ्चालन गर्दा विपद व्यवस्थापनको पक्षलाई प्रारम्भिक चरणबाटै प्राथमिकता दिई कार्यक्रम सञ्चालन गरिनेछ । यसको लागि यस क्षेत्रमा स्थानीय विपद व्यवस्थापन समिति र गैर सरकारी संस्थाहरुलाई परिचालित गरिनेछ ।

## ८. बस्ती विकास तथा भवन निर्माणः

८.१ नेपाल सरकार मन्त्री परिषदको मिति २०७२।०४।२९ को निर्णय अनुसार बस्ती विकास शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभुत मार्ग दर्शन,२०७२ संशोधित २०७३ समेतलाई मध्यनजर राखि यस नगरपालिकामा पनि बस्ती विकास तथा भवन निर्माण कार्य अगाडी बढाईनेछ ।

८.२ नगरको नक्साङ्कन र व्यवस्थापनबाट सबै क्षेत्रमा एकरुपता ल्याउन मेट्रो प्रणाली अनुसार घर नम्बर, बस्तीको नामांकरण, सडकको नामांकरण लगायतका कार्यलाई अगाडी बढाईनेछ । नगरपालिका क्षेत्रभित्र आधुनिक र वैज्ञानिक घर नम्बरिङ्ग प्रणाली लागु गरिनेछ ।

८.३ नगरपालिका क्षेत्रभित्र निर्माण हुने भवनहरुको नक्सा बनाउँदा वा डिजाईन गर्दा सम्बन्धि प्राविधिकले नगरपालिकामा सूचिकृत हुनुपर्ने छ ।

८.४ बस्ती विकास तथा भवन निर्माणको कार्यलाई नगरपालिकाको मापदण्ड अनुसार अगाडी बढाईनेछ ।

८.५ नगरपालिका प्रशासनिक भवनको र वडा कार्यालय भवन निर्माण कार्यका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

## ९.लक्षित बर्ग कार्यक्रमः

९.१ जेष्ठ नागरिकहरुको लागि औषधि उपचारका साथै विश्राम स्थलको व्यवस्था गरिनेछ ।

९.२ जेष्ठ नागरिक सम्मान, सुरक्षा तथा उनीहरुको स्वास्थ्यलाई मध्यनजर गर्दै नगरपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरुलाई जेष्ठ नागरिक घुम्ति स्वास्थ्य शिविर संचालन गर्ने नीति नगरपालिकाले लिनेछ ।

९.३ बाल शिक्षा, स्वास्थ्य, बाल सहभागिता, बाल संरक्षण, बाल अधिकार लगायत बालबालिका लक्षित विभिन्न शैक्षिक संघ संस्था, सामुदयिक संघ संस्था तथा गैर सरकारी संघ संस्थाको सहकार्य र समन्वयमा जोड दिइनेछ ।

९.४ महिलाहरुको हक अधिकार र नेतृत्व विकासका लागि तालिम, सिपमुलक प्रशिक्षण, अध्ययन, अन्तर्क्रिया गोष्ठी लगायत कार्यक्रम संचालन गरिनेछ साथै यस समाजमा रहेको छाउपडि कुपर्थालाई अन्त्य गर्नका लागि पहल गरिनेछ। यस्ता कार्यक्रम संचालनका लागि महिला समुह तथा महिलासँग सम्बन्धित संघ संस्थाहरुको सहकार्य र साझेदारीमा जोड दिईनेछ ।

९.५ आदिवासी, जनजाती, दलित पछाडीं परेका वर्ग तथा समुदायको हक र अधिकारको लागि त्यस्ता वर्ग र समुदायको समावेशीकरणका लागि लक्षित वर्गको सक्रिय सहभागितामा विभिन्न कार्यक्रम संचालनमा ल्याइनेछ । नगरपालिकाको गतिविधिमा यस्ता वर्ग र समुदायको मूल प्रवाहीकरणको नीति अवलम्बन गरिनेछ ।

९.६ नगरपालिका भित्र छुवाछुतमुक्त समाज निर्माणका लागि विशेष जनचेतनामूलक प्रवर्द्धनात्मक कार्यक्रम अगाडी बढाईनेछ ।

९.७ महिला विकास कार्यक्रमलाई महिलाको आर्थिक, सामाजिक, राजनैतिक पक्षको विकासमा टेवा पुर्याउने गरि संचालन गरिनेछ । साथै तालिमलाई व्यवसायिकता तर्फ उन्मुख गरी रोजगारी सृजना गर्ने गरी संचालन गरिनेछ ।

९.८ घरघरमा आधारित रोजगारी सृजना गरिने खालका तालिमलाई आवश्यकता/औचित्यताका आधारमा अगाडी बढाईनेछ ।

९.१० लक्षित बर्गको कार्यक्रम लक्षित वर्गकै अगुवाईमा संचालन गरिनेछ । सोको अनुगमन र नियमन लक्षित कार्यक्रम सँग सम्बन्धित विषयगत कार्यालयबाट हुने व्यवस्था लागु हुनेछ ।

९.११ छाउपडी गोटमुक्त टोल घोषणा गरिनुका साथै सेफ हाउसको व्यवस्था गरिनेछ ।

## १०. युवा तथा खेलकुदः

१०.१ स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकुद तथा खेलाडीमा योजनाबद्ध लगानी गरिनेछ ।

१०.२ युवा खेलकुद राष्टका लागि महत्वपूर्ण विधा र अपरिहार्य जनशक्ति हुन भन्ने तथ्यलाई मध्य नजर गर्दै नगरस्तरीय, अन्तर नगरस्तरीय खेलकुद कार्यक्रम तथा वडा र नगर स्तरीय खेलकुद मैदान समेतको पूर्वाधार तयार गर्दै अगाडी बढ्ने नीति नगरपालिकाले लिनेछ ।

१०.३ राज्य निर्माणको महत्वपूर्ण जिम्मेवारी बहन गर्न सक्ने युवा वर्गको शिक्षा र स्वास्थ्यसँग सम्बन्धित कार्यक्रमहरु साथै खेलकुद र राजगारी सृजनामा सहयोग गरिने कार्यक्रम युवा मार्फत संचालन गर्नुका साथै युवा नेतृत्व विकास र विकास निर्माणका कार्यमा युवाहरुको सक्रिय सहभागिलाई विशेष प्राथमिकता दिईनेछ ।

१०.४ नगरक्षेत्र भित्रका स्थानीय युवाहरुको आवश्यकताका आधारमा साना तथा ठुला खेलमैदान निर्माण तथा संरक्षणका लागि विशेष महत्वकासाथ अगाडी बढाईनेछ ।

१०.५ युवा तथा खेलकुदका कार्यक्रममा क्लव र सामुदायिक संघ-संस्थालाई सक्रिय र जिम्मेवार बनाई नगरको समग्र विकासमा युवाहरुको श्रम, सिप, योग्यता, क्षमता विध्योतालाई सम्मान गर्ने कार्यक्रम तय गरिनेछ ।

१०.६ युवा तथा खेलकुद विकासका लागि मेयर कप फुटवल लगायत अन्य खेलकुद प्रतियोगिता संचालनका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

## ११.सार्वजनिक सम्पत्ति संरक्षणः

११.१ नगरपालिका क्षेत्र भित्रका सार्वजनिक पर्ति जग्गा, पाटी पौवा, धारा कुवा, सडक, मन्दिर, सामुदायिक भवन, सामुदायिक विद्यायय, कलेज लगायतका सार्वजनिक सम्पत्तिको लागत राखे र नक्साङ्कन गर्ने र तिनीहरुको संरक्षणका लागि विभिन्न कार्यक्रमहरु संचालनमा ल्याइनेछ । सार्वजनिक सम्पत्ति अतिक्रमण गर्ने र हानी नोक्सानी पुर्याउने व्यक्ति वा संघ संस्थालाई कानुनी कार्वाहीको दायरामा ल्याइनेछ ।

११.२ सार्वजनिक पर्ति जग्गा संरक्षणको क्षेत्रमा नगरस्तरीय शक्ति सम्पन्न आधिकारीक समितिको गठन गरी समितिको कार्यमा सक्रियता बढाईनेछ साथै नगर क्षेत्रभित्र रहेका सार्वजनिक पर्ति जग्गाहरुको लागत राखी भू-उपयोग नक्साङ्कन तथा सिमाङ्कनमा जोड दिइनेछ ।

## १२. प्रशासनिक व्यवस्थापन तथा सुशासनः

१२.१ जनतालाई सेवा प्रवाह गर्दा जनप्रतिनिधि तथा कर्मचारी सबैले मुस्कान सहितको सेवा प्रवाह गर्नु पर्ने नितिलाई अनिवार्य गरिनेछ ।

१२.२ आन्तरिक प्रशासन चुस्त र दुरुस्त कायम गर्न सके मात्र नगरवासिलाई छिटो,छरितो,सरल र प्रभावकारी ढंगले सेवा सुविधा उपलब्ध गराउन सकिन्छ भन्ने विश्वासका साथ नगरपालिकामा व्यवस्थित

र प्रणालिगत प्रशासनिक संरचनाको निर्माण गरि तदनुरुप कर्मचारीहरुको व्यवस्था गरि प्रभावकारि कार्य विभाजनलाई सुनिश्चित गरिनेछ ।साथै योग्यता,क्षमता र उत्कृष्टताका आधारमा बढुवा प्रणालीलाई व्यवस्थित गरिनेछ ।

१२.३ अनुभवी,क्षमतावान र स्वयंमा उत्प्रेरित कर्मचारी बिना नगरवासिले चाहेजस्तो प्रभावकारी र अनुभुतिजन्य सेवा प्रवाह गर्न समस्या पर्ने भएकोले प्रशासनिक संयन्त्रलाई आधुनिक प्रविधियुक्त बनाइदै समयानुकुल तालिम र प्रशिक्षणमा जोड दिइनेछ ।साथै अनुशासित भई काम गर्ने कर्मचारीलाई प्रोत्साहन तथा गल्ती अनुशासनहिन काम गर्ने कर्मचारीलाई निरुत्साहित/दण्डित गरिने निति अवलम्बन गरिएको छ ।

१२.४ नगरपालिकाबाट सम्पादित आर्थिक,प्रशासनिक र योजनागत विकास निर्माण र लक्षित कार्यक्रमहरुलाई पारदर्शी,जिम्मवार र उत्तरदायी बनाइनेछ ।

१२.५ विकेन्द्रीकरण र स्वायत्तताको मर्म र सिद्धान्त अनुरुप नगरवासिले सम्भव भएसम्म सेवा सुविधा घर दैलो र टोल टोलमा प्राप्त गर्न सक्ने व्यव्स्थाका लागि स्थानीय निकाय पुन संरचना आयोगको निर्णयसमेतलाई संबोधन गरी वडास्तरबाट सम्पादन हुने कार्यलाई निरन्तरता दिइनेछ ।

१२.६ नगरपालिकाभित्र संचालन गरिने विकास एवं प्रशासनिक कार्यमा सदाचार र सुशासनलाई जोड दिदै वडा सचिवहरुलाई आ-आफ्नो कर्तव्य प्रति जिम्मेवार र उत्तरदायी बनाइनेछ साथै वडाध्यक्ष एवं वडा समितिसँगको समन्वय र सहकार्यमा जोड दिइनेछ ।

१२.७ यस नगरपालिकामा हाल मौजुदा कर्मचारी दरबन्दिमा अस्थायी वा करारमा कार्यरत कर्मचारीहरु लाई निजको कार्य कुशलता र कार्य क्षमतालाई आधारमानी करार सेवा नविकरण गर्ने र त्यस्ता कर्मचारीलाई नेपाल सरकारको श्रेणी र पद अनुसार सुरु स्केल ननाघ्ने गरि सेवा सुविधा उपलब्ध गराउने साथै यस नगरपालिकाका कार्यरत करार ईन्जिनियरलाई स्थानीय भत्ता दिने र अन्य करार कर्मचारीहरुलाई महंगी भत्ता यस नगरपालिकाको आन्तरिक आम्दानीबाट व्यवस्था गरिने छ।

१२.८ वुढीनन्दा नगरपालिकाको नगरसभा निति,कार्यक्रम तथा बजेट सार्वजनिकिकरण कार्यमा खटिने प्रमख प्रशासकीय अधिकृत,योजना अधिकृत ,सूचना प्रविधि अधिकृत ,ईन्जिनियर, खरिदार र स.ले.पा लगायत कार्यालय सहयोगी १ जना समेत जम्मा ७ जना कर्मचारीहरुलाई खाईपाई आएको तलबको १/२ (१५दिन) महिना बराबरको तलव भत्ता रकम तेस्रो नगरसभाले निर्णय गरि उपलब्ध गराउने निर्णय गरिएको छ ।उक्त आ.व २०७५।०७६ को प्रोत्साहन भत्ता शिर्षक बाट भुक्तानी गरिनेछ ।

१२.९ यस नगरपालिकामा कार्यरत करार सेवाका कर्मचारीलाई वर्षमा एक पटक पोशाक भत्ता तथा महिनामा १ दिन घर बिदा दिइनेछ ।

१२.१० जिन्सी निरिक्षण , मिनाहा ,लगतकट्टा टुटफुट , लिलाम,मर्मत संभार गर्नु परेमा सो को अधिकार नगरपालिकाको कार्यपालिकालाई प्रत्यायोजन गरिएको छ ।

१२.११ यस नगरपालिका भित्रका बिषयगत कार्यलयहरुलाई निश्चित मापदण्ड एवं कार्यदेश बनाई आ आफ्नो क्षेत्रमा जिम्मेवार जवाफदेहि र अनुसासित तुल्याईने छ ।

## १३. आर्थिक प्रशासन एवं सुशासनः

१३.१ आन्तरिका आय वृद्धीका लागि प्रचलित ऐन,कानुनको अधिनमा रही करको दायरालाई फराकिलो बनाउँदै लगिने व्यवस्थालाई समय सापेक्ष हुने गरी लागु गर्ने निति अवलम्वन गरिनेछ ।

१३.२ राजश्व चुहावटमा नियन्त्रण गरि लेखा व्यवस्थापन तथा नगरपालिकाको सम्पूर्ण आर्थिक कार्यहरु एकिकृत कम्प्यूटराईज प्रणालिबाट अगाडी वढाईनेछ ।

१३.३ आन्तरिक आय मजवुद नबनाए सम्म स्थानीय तहहरु समृद्ध र समुन्नत बनाउन नसकिने भएकोले राजश्व संभाव्यता अध्ययन कार्यलाई २०७६।०७७ मा समेत निरन्तरता दिई करयोग्य क्षेत्रलाई राजश्व संभाव्यताको दायरामा ल्याइनेछ ।

१३.४ आन्तरिक लेखा परिक्ष० चौमासिक रुपमा गराइनेछ , आम्दानी र विकास खर्चको विवरण मासिक रुपमा सार्वजनिक गरि Web-Site मा राखिने कार्यलाई अगाडि दिइनेछ ।

१३.५ सुशासन र सूचनाको हकलाई प्रत्याभूत गर्दै नगरपालिका मार्फत संचालन गरिने हरेक आयोजना र कार्यक्रमको विवरण लगायतका कार्य विवरण खुल्ने गरि सूचना बोर्ड हरेक योजनास्थलमा राखिनेछ ।

१३.६ हरेक उपभोक्ता समिति तथा कार्यक्रम सम्पन्न गर्ने संध-संस्थाले सामाजिक लेखा परिक्षण गर्नु पर्ने प्रावधानलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याईनेछ ।

१३.७ विकास निर्माण कार्यको पारदर्शिता,प्रभावकारी र दिगोपनाको अनुगमन तथा मूल्याङ्कन कार्यलाई प्रभावकारी रुपमा अगाडी वढाइनेछ ।

१३.८ सुशासन कायम गर्ने परिधिभित्र रहेका विभिन्न विषयगत समितिलाई सक्रिय , नियमित र चलायमान बनाउदै समितिको प्रतिवेदन तथा सुझावका आधारमा अगाडी बढ्ने निति नगरपालिकाले अवलम्बन गर्नेछ ।

१३.९ नगरपालिकाले २०७६ साल श्रावण १ गतेदेखी आफ्नो नगरक्षेत्रमा लगाउने विभिन्न सेवा शुल्कका दररेटका सम्बन्धमा अनुसूचिमा व्यवस्था भए अनुसार लागु हुने निर्णय गरिएको छ ।उक्त दररेट अनुसूची २ मा प्रस्ताव गरिएको छ ।

१३.१० नागरिक वडापत्र,उजुरी पेटिका खर्चको सार्वजनिकिकरण,सार्वजनिक सुनुवाई,सार्वजनिक परिक्षण लगायत कर्मचारीको क्षमता विकास गरी सुशासनको अवधारणालाई अगाडी बढाईनेछ ।

१३.११ यस नगरपालिका कार्यालयमा हाल सम्म बेरुजुको अध्यावधिक लगत तयार भई नसकेको अवस्था रहेकोमा चालु आ.व भित्र एकिकृत बेरुजुको विवरण तयार गर्ने र सोको अशुल फछ्यौट गर्ने कार्यालाई चालु आ.व देखी नै कार्यान्वयन गर्ने कार्यालाई कडाइका साथ कार्यान्वयन गर्ने कार्यलाई अगाडी बढाइनेछ ।

पदम कुमार गिरी
प्रमुख

१३.१२ सार्वजनिक वित्त जोखिम न्यूनिकरणका लागि पेश्की बेरुजु शुन्य झार्ने नितिलाई निरन्तरता दिइनेछ ।

## १४.योजना संचालन सम्बन्धी:

१४.१ आयोजनाको दिगोपना,प्रभावकारिता,मितव्ययिता र कार्यकुशलता कायम गर्न सहभागितामूलक र समावेशी योजना छनौट तथा कार्यान्वयन प्रणालिलाई यस आ.व मा समेत निरन्तरता दिइनेछ ।
१४.२ विकास निर्माणका कार्यहरु संचालन गर्दा क्रमागत: योजनाहरुलाई औचित्यताको आधारमा निरन्तरता दिइनेछ । नगरमा रहेका सडकको दायाँ बायाँ उपयुक्तताको आधारमा वृक्षारोपण गरी क्रमश: यस नगरलाई हरित नगरको रुपमा अगाडी बढाइनेछ ।
१४.३ सडक निर्माण तथा मर्मत संभार कार्यमा नगरपालिका र सम्बन्धित निकायसंगको योजनामा दोहोरोपना आउन नदिन चालु आ.व मा आवश्यक व्यवस्था मिलाइनेछ ।
१४.४ नगरपालिका क्षेत्रभित्र संचालन भएका तथा संचालन हुने योजना र कार्यक्रमहरुको समग्र अनुगमन र सुपरिवेक्षण गर्नका लागि नगर सुपरिवेक्षक तथा अनुगमन समिति गठन गरी अनुगमनको कार्यलाई क्रियाशिल बनाइनेछ ।
१४.५ केन्द्रिय स्तर, नगरपालिकासमेतको एकै स्थानमा परेका योजनागत कार्यक्रम संचालन गर्दा चेनेज छुट्याई छुट्टाछुट्टै काम तोकि काममा दोहोरोपना नपर्ने गरी कार्य अगाडी बढाउने निर्णय गरिएको छ ।
१४.६ उपभोक्ता समितिले योजना संचालन गर्दा लागत ईष्टिमेट तयार गर्दा नगरपालिकाले दिने रकममा २० प्रतिशत रकम वा जनसहभागिता थप गरी ल.ई तयार गर्ने र मूल्याङ्कन गर्ने र सोको विवरण आय व्ययमा राखिनेछ ।
१४.७ कुनै योजना संशोधन,परिमार्जन,गर्नु पर्ने भएमा साथै उपभोक्ता समितिद्वारा संचालन गर्नु पर्ने योजनाहरु उपभोक्ता समितिले समयमा नै संचालन नगरेमा वा हुन नसकेमा उक्त कार्यक्रम वा योजनालाई नगरपालिका बोर्डले प्रतिष्पर्धात्मक विधिवाट संचालन गर्ने निति अवलम्बन गर्नेछ ।
१४.८ नगरपालिकाको तर्फ बाट अन्य कुनै सरकारी गैरसरकारी एवं साझेदारी निकायसंग सम्झौता गरी कार्यक्रमहरु कार्यान्वयन गर्नु पर्ने भएमा उक्त सम्झौता गर्न नगरपालिकाका नगर प्रमुखलाई अधिकार प्रत्यायोजन गरिएको छ, साथै सरकारी गैरसरकारी कुनै योजना तथा कार्यक्रम प्राप्त हुने भएमा त्यस्ता योजना तथा कार्यक्रम सम्झौता गर्न र कार्यक्रम स्वीकृत गर्ने अधिकार नगरकार्यपालिकालाई प्रत्यायोजन गरिएको छ ।
१४.९ नगरपालिकाले आफ्नो स्रोत बाट बिनियोजन गरी सम्पन्न गरेका योजनामा कन्टिजेन्सि बाट ४ प्रतिशत र अन्य श्रोत बाट प्राप्त योजनामा समेत ४ प्रतिशत कायम गर्ने निर्णय गरिएको छ साथै मर्मत सम्भार कोषमा ३ प्रतिशत कायम गर्ने निर्णय गरिएको छ। साथै उक्त कन्टिजेन्सि बाट प्राप्त रकम

नगरकार्यपालिकाको निर्णयका आधारमा खर्च गरिनेछ ।सो का लागी कन्टिजेन्सि बाट प्राप्त रकमको छुट्टै लगत राखिनेछ ।

१४.१० नगरपालिकामा प्रत्येक वडा बाट वडागत रुपमा सिफारिसभई आएका योजनाहरुमा अन्य निकायबाट समेत सञ्चालन हुने गरी योजना स्वीकृत भई आएमा तथा नगरपालिकाको नियमित नगरसभा र विषेश नगरसभा बाट समेत विनियोजित भई एउटै प्रकृतिको योजनामा दोहोरोपना पर्न गएमा नगरकार्यपालिकाको निर्णय अनुशार कार्यान्वयन गर्ने निर्णय गरिएको छ ।

१४.११ नगरपालिकाको क्षेत्रमा सञ्चालन हुने साना तिना योजना भन्दा जनतालाई प्रत्यक्ष अनुभुती दिन सक्ने गुणस्तरिय ठुला र दिगो पुर्वाधारको विकासमा विषेश जोड दिने नीति तय गरिएको छ ।

१४.१२ नगरपालिकाको समर्ग विकासका लागि नगरआवधिक योजना बनाउने कार्य लाई अगाढी वढाइनेछ ।

१४.१३ आर्थिक वर्षको चैत्र मसान्तसम्म छुट्टिएका योजनाको उपभोक्ता समितिले सम्झौता नगरेमा त्यस्ता योजनाहरुको वर्गिकरण गरी नगरपालिकाबाटै आवश्यक व्यवस्था गरी काम लाई अगाडी वढाईनेछ ।

१४.१४ आ.व ०७६।०७७ मा सञ्चालन हुने कुनै पनी योजनाहरु सम्झौता बिना कार्यान्वयन गरिनेछैन साथै प्रस्तुत आ.व को पहिलो चौमासिक भित्र वडागत योजनाहरुको सम्झौता गरी उपभोक्ता समितिका विषेश पदाधिकारीहरुलाई योजना तर्जुमा सम्बन्धि तालिमको व्यवस्था गरिनेछ ।

१४.१५ आ.व ०७६।०७७ मा सञ्चालित योजनालाई वडस्तरिय र नगरस्तरीय अनुगमन समितिको माध्यमाबाट प्रभावकारी, नियमित र समयसापक्ष बनाउदै लगिनेछ ।

१४.१६ आ.व २०७६।०७७ मा संचालन हुने ३० लाख भन्दा माथिका योजनाहरु E-Bidding मार्फत गरिनेछ।

## १५ विविधः

१५.१ नगरपालिकाले साझेदारी र सहकार्य गर्दा संस्था दर्ता नविकरण र लेखा परिक्षण गरेका संस्थाहरु संग मात्र सहकार्य गर्ने व्यवस्था लागु गरिनेछ ।

१५.२ आकस्मिक र विशेष अवश्था सिर्जना भई कुनै निर्णय गर्नु परेमा बजेट तथा नितिगत प्रस्थावमा परिमार्जन वा संशोधन गर्नु पर्ने भएमा कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरिएकोछ ।

१५.३ नगरपालिकामा हुने विभिन्न वैठक समितिका वैठकहरु तथा अन्य वैठकहरु वस्दा सहभागि सदस्यहरुलाई प्रति वैठक प्रति सदस्य रु १५००। भत्ता तोक्ने निर्णय गरिएको छ ।

१५.४ चालु आ.व को ०७६ साल असार १० गते सम्म भएको आम्दानी खर्च कार्यपालिका बाट भएका वैठकका निर्णयहरु टिप्पणीका आधारमा नगरप्रमुख बाट भएका निर्णय एवं सिफारिसहरुलाई अनुमोदन गर्ने निर्णय भएको छ ।

पदम कुमार गिरी
प्रमुख

१५.५ आ.व ०७६।०७७ देखी सुचिकृत हुन चाहने व्यक्ति,फर्म,कम्पनि,संध संस्थाले सुचिकृतका लागि आवश्यक कागजात सहित वर्ष भरिनै सुचिकृत हुनदिने निर्णय गरिएको छ ।

१५.६ विभिन्न निकायबाट अनुमति लिई/नलिई यस नगरपालिक क्षेत्रभित्र स्थापना भई संचालनमा रहेका उधोग,व्यवसाय,कलकारखाना,रेष्टुरेन्ट,होटल,डिपार्टमेन्ट स्टोर,पसल र प्रतिष्ठानहरुको व्यवस्थित लगत संकलन गरी दर्ता प्रक्रियामा ल्याई सेवा शुल्क र करको दायरामा ल्याउने कार्यलाई अभियानको रुपमा संचालन गरिनेछ ।

१५.७ यस नगरपालिका कार्यालयको पदपुर्ति सम्बन्धि कार्य गर्नका लागि पदपूर्ति समितिको गठन गर्ने अख्तियारी नगर कार्यपालिकालाई दिने निर्णय प्रस्ताव गर्दछु ।

१५.८ यस नगरपालिकाको विभिन्न निर्णयका आधारमा करारमा लिइएका कर्मचारीहरुको म्याद थप्ने अधिकार नगर कार्यपालिकालाई अख्तियारी प्रदान गर्ने प्रस्ताव गर्दछु ।

१५.९ यस नगरपालिकाको आ.व ०७५।०७६ मा कार्यपालिकाबाट प्रस्ताव भएका ऐन,नियम,निर्देशिका,कार्यविधि तथा आचारसंहिता सभा मार्फत अनुमोदन गरिनेछ ।

१५.१० मर्मत सम्भार कोष मार्फत सामान्य र आकस्मिक कार्यमा नियमानुसार खर्च गर्ने अधिकार नगर कार्यपालिकालाई प्रत्यायोजन गरि नगर सभा मार्फत अनुमोदन गर्ने व्यवस्था गरिएको छ ।विशेष अवस्थामा नगर प्रमुखले २ लाख सम्मको मर्मत सम्भार कोषबाट खर्च गर्न सकिने छ र उक्त रकमको नगरकार्यपालिकामा अनुमोदन गरिने प्रावधानलाई समेत व्यवस्था गरिएको छ ।

१५.११ नगरस्तरीय शैक्षिक क्रियाकलाप सम्बन्धि परिक्षा एवं अनुगमन कार्यलाई मापदण्ड बनाई व्यबस्थित गरिने छ ।

१५.१२ नगरपालिका भित्र आवद्द हुने गैर सरकारी संध संस्थाहरुलाई बार्षिक कार्य योजना बार्षिक बजेट र उपलब्धताको परिणाम समेतको लेखाजोखा गरि कार्यदेश दिने कार्यलाई प्रभावकारि रुपमा अगाडी बढाइने छ साथै यस आ.व. ०७६।०७७ को नीति तथा कार्यक्रममा समाबेश गरिएको छ ।

## १६ सूचनाः

१६.१ सूचना सञ्चार र प्रविधिमा सबै नगरबासिको पहुच पुर्याउन प्रभावकारी दुरसञ्चार सेवाको विस्तार गर्दै सवै वडा कार्यालय, सामुदयिक विद्यालय,प्रशासनिक भवन,स्वास्थ्य केन्द्रमा उच्च गतिको ईन्टरनेट र टेलिफोन सेवा विस्तार गरिनेछ ।

१६.२ सरकारी कार्यालय र सामुदायिक बिधालयहरुमा प्रविधि मैत्री र नियमित गराउन E-Attendance को प्रयोग गर्नका लागि उपकरण जडान र खरिदका लागि आबश्यक वजेटको व्यवस्था गरिएको छ ।

१६.३ वडा नं २ स्थित रहेको शिवपार्क क्षेत्रलाई फ्री वाई-फाई क्षेत्र बनाईनेछ ।

पदम कुमार गिरी
प्रमुख

१६.४ नगरका सेवा र सूचनाहरु अनलाईन मार्फत प्रवाहित गरी सेवा र सूचनामा सबैको पहुच पुर्याउन नगरपालिका र यसका वडाहरुबाट उपलब्ध हुने सेवाहरुलाई विधुतीय प्रणालीका माध्यमबाट उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

१६.५ सबै प्रकारका सञ्चारगृहहरुको संस्थागत विकास तथा भौतिक पुर्वाधारका लागि आवश्यक सहयोगको व्यवस्था मिलाईनेछ ।

## १७ बन पैदावारः

१७.१ यस नगरपालिकामा प्राकृतिक सम्पदा जस्तै यहाँका विशाल पाटनहरु हिमाली र पहाडी जडीबुटीका खानी हुन ।यहाँ पहिले देखिनै देश विदेशमा महंगो भाउमा विक्ने जडीबुटीहरुको पहिचान तथा संरक्षण हुन नसकेको अवस्थामा छ र सो को संरक्षण र प्रवर्धनका लागि आवश्यक पहल गरिनेछ ।

१७.२ नगरभित्रका विभिन्न क्षेत्रमा वृक्षारोपण गरि हरित नगर बनाइनुका साथै बन कार्य योजना तयार पारिनेछ ।

(उक्त निति तथा कार्यक्रमलाई समेट्ने गरी वडागत एवं नगरस्तरीय योजनाहरुको विवरण अनुसूची-६ मा प्रस्ताव गरिएको छ)

- आ.व ०७५।०७६ को विनियोजित बजेटका शिर्षकहरुमा खर्च नभई बाँकी रहेको बजेट मध्ये रु २ करोड ५ लाख आ.व २०७६।०७७ को बार्षिक बजेटमा समावेश गरिएको र बाँकी रहन गएको बजेटलाई मर्मत सम्भार कोषमा राख्ने व्यवस्था गरिएको छ ।

आदरणीय सदस्यज्यूहरु,

अव म आगामी आ.व २०७६।०७७ को लागि अनुमानित बजेट प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

नगरवासीहरुको इच्छा र चाहानाका साथै स्थान विशेषको जनसंख्याको चाप, भौगोलिक विषमताको कारणले आन्तरिक र वाह्य राजश्व संकलनलाई सन्तुलन कायम गरी दिगो विकास कायम गर्ने प्रयासमा प्रयत्नरत रहेको छु ।आ.व २०७६।०७७ को संङ्घीय एवं प्रान्तीय सरकारबाट प्राप्त वित्तीय समानीकरण, राजश्व अनुमान, सशर्त र आन्तरिक श्रोत अनुदानलाई बाँडफाँड विषय क्षेत्रगत सूची तयार गरी आर्थिक विकास, सामाजिक विकास, वातावरणीय र विपद व्यवस्थापन र संस्थागत

विकासमा सेवा प्रवाह र सुशासनतर्फ विषय क्षेत्रगत आधारका क्षेत्रगत आधारका वस्तीस्तरीय, वडा स्तरीय सहभागिता मुलक योजना तर्जुमा प्रकियाबाट प्राप्त भएका योजनालाई एकिकृत योजना तर्जुमा समिति हुदै सहभागितामुलक योजना तर्जुमा प्रक्रियाबाट नगर सभामा प्राप्त हुन आएका योजनाहरुलाई लागु गर्ने निर्णय गरेको छु । यसका लागि लागत जन सहभागीता, स्वायत्तता, विकेन्द्रिकरण, जनताको स्वामित्व, छनौट र निर्णयलाई उच्च प्राथमिकता दिदै स्थानीय सरकार संचालन ऐन एवं आर्थिक ऐनको व्यवस्था बमोजिम राजश्व परामर्श समितिको सिफारिस बमोजिम आन्तरिक राजश्व संकलन र परिचालन गर्ने लगायत लक्ष्य अनुसारको प्रगति हासिल गर्ने तर्फ क्षमता विस्तार गरी प्रस्तुत नीति तथा कार्यक्रमलाई सफल बनाउने विश्वास लिएको छु ।

**आ.व २०७६।०७७ मा निम्न श्रोत र शिर्षकहरु मार्फत प्राप्त हुने बजेट प्रस्तुत गर्न चाहान्छु**

- संङ्घीय सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान ११ करोड १२ लाख ।
- सङ्घीय सरकारबाट प्राप्त राजश्व बाँडफाँड ७ करोड ४३ लाख
- प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान ६८ लाख ५७ हजार
- प्रदेश सरकाबाट प्राप्त राजश्व बाँडफाँडब अनुदान १५ लाख १४ हजार
- सङ्घीय सरकारको सशर्त अनुदान १२ करोड ५ लाख
- आन्तरिक आम्दानी तथा अल्या बजेट अनुमानित २ करोड २६ लाख ४३ हजार
- सामाजिक सुरक्षा अनुमानित ४ करोड
- बहुक्षेत्रीय पोषण अनुमानित १३ लाख

आ.व २०७६।०७७ का लागि रु ३७ करोड ८३ लाख १४ हजार विनियोजन गरेको छु ।

उल्लेखित शिर्षक बाहेक सङ्घीय सञ्चितकोषबाट प्राप्त हुने विशेष अनुदान, सङ्घीय कोषबाट प्राप्त हुने समपुरक कोष अनुदान, संङ्घीय विभाज्य कोषबाट प्राप्त हुने प्राकृतिक स्रोतको रोयल्टी बापतको रकम र प्रदेश सञ्चित कोषबाट प्राप्त हुने वित्तीय समपुरक अनुदान, राजश्व बाँडफाँडको रकम पछि प्राप्त हुने भएकोले उक्त रकम समेत यस नगरपालिकाको आ.व २०७६।०७७ को विनियोजित रकम भित्रै पर्ने भएकोले सो समेत समाबेश गरि कुल बजेट रकमलाई आय मानि पछि तय गरिने व्यहोरा समेत सभा समक्ष पेश गर्न चाहान्छु ।

आ.व २०७६।०७७ का लागि यस वुढीनन्दा नगरपालिकाको समर्ग विकासका लागि तपशिलको कार्यक्रममा तपशिलको रकम विनियोजन गरेको छु ।

| सि.नं | विवरण | विनियोजित रकम रु |
|---|---|---|
| क | पुजिगत तर्फ | |
| १ | आर्थिक विकास | ६९ लाख |
| २ | सामाजिक विकास | ४ करोड ३१ लाख |
| ३ | पुर्वाधार विकास | ७ करोड ५५ लाख |
| ४ | वातावरण तथा विपद व्यवस्थापन | ९० लाख |
| ५ | संस्थागत विकास,सेवा प्रवाह र सुशासन | ९ लाख |
| ६ | लेखाङकन राजश्व व्यवस्थापन र सुशासन | ३० लाख |
| | कुल जम्मा पुजिगत वित्तिय समानिकरण तर्फ रकम रु | १३ करोड ८४ लाख |
| ख | चालु तर्फ | |
| १ | कुल जम्मा विनियोजित रकम रु | ११ करोड ९४ लाख १४ हजार |
| ग | शर्सत अनुदान तर्फ | |
| | कुल जम्मा विनियोजित रकम रु | १२ करोड ५ लाख |

कुल जम्मा विनियोजित रकम रु ३७ करोड ८३ लाख १४ हजार मात्र ।

**उपस्थित महानुभावहरु,**

मैले आगामी आर्थिक बर्षको नगरपालिकाको प्रस्तावित स्वीकृत निति तथा कार्यक्रमहरुको बारेमा संक्षेपमा समिक्षात्मक विवरण प्रस्तुत गरे ।यस सम्वन्धि विस्तृत निति तथा कार्यक्रम र बजेटको विवरण वार्षिक नगर विकास योजना पुस्तिकामा प्रकाशित गरिने व्यहोरा यस सम्मानित सभालाई जानकारी गराउँदछु ।वडा तथा वस्तीस्तरीय भेलामा अधिकांश जनताको सहभागितामा छनौट र प्राथमिकिकरण भएका योजनाहरु समावेश गर्न नसकिएको व्यहोरा विनम्रतापूर्वक अनुरोध गर्दछु । त्यसरी प्राथमिकतामा नपरेका योजनाहरुलाई योजना बैंकमा समावेश गरी अन्य दातृ निकायहरुसँग

समन्वय गर्दै श्रोतको व्यवस्था मिलाई संचालन गर्न प्राथमिकतामा राखिने तथा आगामी आ.व हरुमा क्रमश कार्यान्वयन गर्दै लगिने व्यहोरा समेत अनुरोध गर्दछु ।

आगामी आर्थिक वर्ष २०७६।०७७ का लागि नगरपालिकाको कुल बजेटमा नेपाल सरकारबाट वित्तिय समानिकरण र सर्शत अनुदान,प्रदेश सरकारको वित्तिय समानिकरण, राजश्व वाडफाड नगरपालिकाको आफ्नो आन्तरिक आय समेत समावेश गरेको छु । नगरपालिकाको आन्तरिक आम्दानीका लागि नगरपालिकाको दोस्रो नगरसभाले आ.व ०७५।०७६ मा निर्धारण गरेको कर,दस्तुर,सेवा शुल्कका दररेटहरु यथावत राखी करका क्षेत्रहरुलाई केही फराकिलो गरी आगामी आर्थिक वर्षको लागि बजेट प्रस्तुत गरेको छु ।उक्त दररेट र करको दायराको क्षेत्रहरु आगामी आर्थिक वर्ष २०७६ साल श्रावण १ गते देखि लागु हुने कुरा जनसमक्ष अनुरोध गर्न चाहान्छु ।

अन्त्यमा ,

यस तेस्रो नगरसभाका उपस्थित नगरकार्यपालिका सदस्य एवं नगरसभाका सदस्यज्यू,संचार कर्मी र कर्मचारी साथीहरु लगायत सवैमा हामी आभारिछौ ।नगरपालिकाको आर्थिक वर्ष २०७६।०७७ को बजेट तथा योजना तर्जुमा समिति र विभिन्न विषयगत समितिका संयोजक तथा सदस्यज्यूहरु, सबै प्रति धन्यवाद व्यक्त गर्दछु ।साथै यस कार्यलाई सफल र प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि सम्बद्ध सवै पक्षबाट सदाझै निरन्तर सल्लाह,सहयोग पुर्याउनु हुने विषयगत कार्यालय,गैर सरकारी क्षेत्र,सञ्चारकर्मी एवं नगरपालिकाको कार्यालयमा कार्यरत सम्पूर्ण कर्मचारीहरु,वडा सचिव र सामाजिक परिचालक सबैलाई विशेष धन्यवाद दिन चाहन्छु ।नगरपालिकाका विभिन्न कार्यक्रमलाई संचार माध्यमबाट प्रचार प्रसार गरी जनतामा सु-सूचित गराउन सधै प्रयत्नशिल संचार माध्यम रेडियो वुढीनन्दा लगायत अन्य पत्रपत्रिकाहरु लाई पनि धन्यवाद दिन चाहन्छु । गरिमामय यस सभामा उपस्थित सवै विशिष्ट महानुभावहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै नीति तथा कार्यक्रम प्रस्तुत गर्दा भएका कमि कमजोरी प्रति सुधार गर्ने प्रतिवद्धता व्यक्त गर्दै "**दिगो विकास सहित खुसि र सुखि नगरवासि,सम्वृद्द नगर**" को अनुभूती सवै क्षेत्रबाट हुने आशाका साथ वुढीनन्दा नगरपालिकाको तेस्रो नगर सभाको निति,कार्यक्रम तथा बजेटको प्रस्तुति यही अन्त्य गर्दछु ।

धन्यवाद,

२०७६।०३।१३

पदम कुमार गिरी

नगर प्रमुख

वुढीनन्दा नगरपालिकाको कार्यालय

कोल्टि,बाजुरा ।